हेटौंडा: ३० वर्षे एमालेको लालकिल्ला तोडियो । पृष्ठ ४ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१४, ● अंक-४५ ● २०७९ जेठ ०९ गते सोमबार, ● 23 May 2022, ● नेपाल सम्वत्-११४२, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

# थाहानगरको प्रमुखमा विष्ट, उपप्रमुखमा गोपाली विजयी

विकास संवाददाता
थाहानगर

मकवानपुर थाहानगरको नगर प्रमुखमा विष्णुबहादुर विष्ट 'आदर्श' विजयी भएका छन् । उपप्रमुखमा भरत गोपाली निर्वाचित भएका छन् । गठबन्धनको तर्फबाट उमेदवार रहेका नेकपा माओवादी केन्द्रका विष्टले ९ हजार ७ सय १९ मत ल्याएर प्रमुखमा विजयी भएका हुन् । उनका निकटतम प्रतिद्वन्द्वी एमालेका अच्युतमप्रसाद ढकालले ७ हजार ७ सय ७१ मत ल्याएका छन् ।

उपप्रमुखमा निर्वाचित नेपाली काँग्रेसका भरत गोपालीले ८ हजार ६ सय ७ मत प्राप्त गरेका छन् । उनी गठबन्धनको तर्फबाट उमेदवार रहेका थिए । उपमेयरका अर्का उमेदवार कल्पना बलामीले ८ हजार ५ सय २२ मत ल्याएकी छन् । नगर प्रमुखमा ६ जना प्रतिस्पर्धी रहेका थिए । नगर प्रमुखका अर्का उमेद्वार



राष्ट्रिय जनमोर्चाका शुभराज गोलेले ४ सय ६२ मत पाएका थिए । त्यस्तै मंगोल नेशनल अर्गनाइजेशनका राजकुमार गोलेले २ सय ७३ र नेपाली काँग्रेस वि.पी.) का विर बहादुर भोम्जनको ८८ मत पाएका थिए ।

त्यस्तै उपप्रमुखका अर्का उमेदवार नविन रायमाझीले २ सय ५४ मत पाएका छन् । थाहा नगरपालिकामा वडा नगर प्रमुख, उपप्रमुख तथा वडा अध्यक्ष र सदस्यहरू गरेर कुल २ सय ४० जनाको अन्तिम नामावली प्रकाशन भई चुनावी मैदानमा थिए ।

## एकीकृत समाजवादीका थाहानगरका एक्ला जनप्रतिनिधि



थाहा नगरपालिकामा ३० बैशाखमा भएको स्थानीय तह निर्वाचनमा तीन ठूला दलले जित निकालिरहँदा नेकपा एकीकृत समाजवादीबाट एक जना जनप्रतिनिधि निर्वाचित भएका छन् । नगरको १२ नम्बर वडाबाट ७५९ मत ल्याएर युवराज जिम्बा वडा सदस्यमा निर्वाचित भएका हुन् ।

एकीकृत समाजवादीले थाहाको १२ वटा वडामा गरी २२ जना उमेदवारलाई चुनावी मैदानमा उतारेको थियो । वडा नम्बर ६, ८ र ११ मा वडाअध्यक्षसहित प्यानलै उठाएको समाजवादीले १ मा ३ जना सदस्य, २ मा वडाअध्यक्षसहित ४ जना र १२ मा गठबन्धनबाट १ जना सदस्य उठाएको थियो ।

परिणामअनुसार वडा नम्बर ८ का उमेदवार डम्बर लामा उमेदवारी दर्तापछि एमालेतिर लागेपछि उनी आफैले पनि कलममा भोट हालेनन् र परिणाम सून्य रह्यो । वडा नम्बर २ का उमेदवार विर बहादुर तामाङले २ मत, वडा नम्बर ६ का वडा अध्यक्ष उमेदवार ईश्वरलाल रूम्बाले ८ मत र वडा नम्बर ११ का वडा अध्यक्ष उमेदवार किरणमान बलले ३२४ मत ल्याएर पराजित हुन पुगे ।

## थाहानगरामा ९१.६६ प्रतिशत जनजाति वडाध्यक्ष

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकामा ९१.६६ प्रतिशत जनजाति पालिकाको निर्वाचित नेतृत्वमा पुगेका छन् । २०७४ सालको निर्वाचनमा ७५ प्रतिशत वडामा जनजाती नेतृत्व रहेकोमा ०७९ मा उक्त सहभागीतालाई थाहानगरले बढाएको छ । वि.सं. २०६८ को जनगणना अनुसार करिब ७० प्रतिशत भन्दा बढि जनजातीहरूको बसोबास रहेको थाहानगरमा उनीहरूको नेतृत्वमा वडा कार्यालयहरू संचालन हुने भएका छन् ।

नगरको १२ मध्ये ११ वटा वडामा जनजाती अध्यक्ष निर्वाचित भएका छन् । वडा नम्बर ३ बाट मात्र हिरेन्द्र रायमाझी अन्य समुदायबाट निर्वाचित भएका हुन् ।

यसरी निर्वाचित हुनेमा सबैभन्दा बढि तामाङ समुदायका रहेका छन् । तामाङ समुदायबाट ६ जना रहेका छन् । नेवार समुदायबाट ४ र गुरूङ समुदायबाट १ जना निर्वाचित छन् । थाहा नगरपालिका वडा नम्बर १ मा हेरमान गोपाली, २ मा बम बहादुर सिन्तान, ३ मा हिरेन्द्र कुमार रायमाझी, ४ मा नारायण लामा, ५ मा विष्णु बहादुर गुरूङ, ६ मा राजन भक्त श्रेष्ठ, ७ मा शिवराज थिङ, ८ मा हेम कुमार थिङ, ९ मा राजकुमार बलामी, १० मा हिरा बहादुर गमाल, ११ मा दिनेश बल र १२ मा टिकाराम स्याङ्तान २०७९ को स्थानीय तह सदस्य निर्वाचनबाट वडा अध्यक्षमा निर्वाचित भएका छन् ।

त्यसैगरी नगर उपप्रमुख भरत गोपाली पनि जनजाती समुदायबाटै निर्वाचित छन् । थाहानगर प्रमुखमा विष्णु बहादुर विष्ट 'आदर्श' निर्वाचित भएका हुन् ।

## थाहानगर प्रमुख 'आदश'ले सपथ लिए

◆ विकास संवाददाता

थाहा नगरपालिकाका नवनिर्वाचित मेयर विष्णुबहादुर विष्टले पद तथा गोपनियताको सपथ ग्रहण गरेका छन् । आज ५ जेठमा जिल्ला समन्वय समितिमा आयोजिथ एक कार्यक्रमकाविच विष्टलाई मकवानपुरका मुख्य निर्वाचन अधिकृत डिल्लीरत्न श्रेष्ठले सपथ ग्रहण गराएका हुन् ।

पहिलो चरणमा भीमफेदी गाँउपालिकाका हिदम लामालगायतले सपथ लिएका हुन् ।

# यी हुन् थाहानगरका कान्छा जनप्रतिनिधि




◆ विकास संवाददाता

थाहा नगरपालिकामा ३० बैशाखमा भएको निर्वाचनबाट मेयर तथा उपमेयर सहित ६२ जना निर्वाचित भएका छन् । उनीहरूमध्ये सबैभन्दा कान्छा जनप्रतिनिधि वडा नम्बर १२ का युवराज जिम्बा रहेका छन् ।

जिम्बा अब २४ वर्ष लाग्दैछन् । उनी २०५५ साउन १२ गते जन्मिएका हुन् । स्थानीय तह निर्वाचन २०७९ अन्तर्गत् थाहा-१२ बाट उनले खुल्लातर्फ वडा सदस्यमा उमेदवारी दिएका थिए ।

रूख चिन्हबाट उमेदवारी दिएका जिम्बाले ७५९ मत ल्याए र निर्वाचित भए । व्यवस्थापन संकायतर्फ स्नातक गर्दै काठमाण्डौं नैकाप बसिरहेका उनी गाउँ फर्किएर निर्वाचनमा होमिएका थिए । चन्द्रागिरी नगरपालिकामा नेकपा एकीकृत समाजवादीको युवा संगठनको उपाध्यक्ष भएर काम गरिरहेका जिम्बा गाउँ फर्किएपछि एकीकृत समाजवादीको नगर सदस्य र समाजवादी युवा संघको जिल्ला सचिवालय सदस्यको जिम्मेवारीमा रहेका थिए । थाहा १२ मा नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीको गठबन्धनले जित निकालेको थियो ।

त्यस्तै, थाहा नगरपालिका वडा नम्बर १ का सरोज प्रधान पनि अहिले २४ वर्षका भए । प्रधान अहिले २४ वर्षको रहेको निर्वाचन आयोगले प्रकाशन गरेको उमेरगत विवरणमा उल्लेख छ ।

प्रधान नेकपा माओवादी केन्द्रको तर्फबाट थाहा-१ को खुल्ला सदस्यमा उमेदवार भई विजयी भएका हुन् । उनले ८२६ मत ल्याएका थिए । वडा नम्बर १ मा माओवादीको प्यानलै विजयी भएको थियो ।



## • सम्पादकीय •

### सहज छैन, दुईदिने सार्वजनिक विदा

सरकारले इन्धनको खपतमा कमी ल्याउन भनी सुरु गरेको हप्तामा दुईदिने बिदाले खासगरी सेवाग्राहीका लागि भने बिजोगको विषय भएको छ । उसो त कर्मचारीहरु पनि कार्यालय पुग्न विहानको समयमा हस्याङ्फस्याङ् देखिन्छ । आयल निगमले आफ्नो घाटाको अंक धेरै बढी भयो भन्दै सरकारलाई हप्तामा दुईदिने बिदाको सिफारिस गरेको थियो । सरकारले पनि त्यसबारे थप अध्ययन नै नगराई जेठको पहिलो दिनदेखि यस्तो बिदाको प्रावधान लगायो । तर यसका लागि समुचित आध्ययन नभएका कारण सेवाग्रहीलाई बिजोग गराउनेबाहेक यसले अरु काम गरको देखिएन । त्यसै पनि नेपालको प्रशासन संसारभरिकै सेवा छल्ने क्रममा उस्ताद मानिन्छ । कर्मचारी सेवाग्राहीभन्दा कर्मचारीप्रिय छन् । खासगरी जनघनत्व हुने ठाउँ अर्थात् जनताका लागि बढी सेवा दिनुपर्ने निकायमा घुस नखाई काम नै नहुने भन्ने कुरा विभिन्न अध्यनहरूले प्रत्येक वर्ष देखाउने गरेका छन् तर सरकार भने त्यसमा सुधार ल्याउने पक्षमा कहिल्यै देखिएन । दुई दिनको बिदाको पछिल्लो व्यवस्था पनि त्यसको उदाहरण भएको छ । यतिबेला सरकारी कुनै कार्यालय सरकारलेभनेको समयमा खुल्ने गरेका छैनन् । कार्यालय सहायक आएर कार्यालय खोलिदिन्छन् । यसले हेर्दा अर्थात् बाहिरबाट कार्यालय खुलेको जस्तो देखाउँछ तर भित्र भने कुनै कर्मचारी त्यो समयमा टेबुलमा भेटिँदैनन् । कारण हो त्यस्ता कर्मचारीलाइ कुनै डर नहुनु । अर्को दुई दिनको बिदाले नागरिकको जीवन निर्वाहमा गम्भीर असर पर्ने ठाउँमा समेत सरकारको बेवास्ता देखियो । स्कुल र अस्पतालहरू यो बिदाले सबैभन्दा प्रतिकूल प्रभाव पारेको क्षेत्र हो । शनिबारका दिनमा मात्रै बिदा हुँदा त आइतबार अस्पतालमा थामीनसक्नुको भीड हुन्थ्यो भने दुई दिनको बिदाले त अस्पतालपरिसरमा कोलाहल नै मच्चिएको देखियो यो एक हप्ताकै अभ्यासका क्रममा ।

नेपाली प्रशासनका कर्मचारीको आनीबानी हो बिहान ढिलो आउनु र बेलुका छिटो हिंड्नु । यसमा कहिल्यै सुधार आएको छैन । हाटा भन्ने एउटा सटकट भनाइ कर्मचारीका प्रवृत्ति बताउन पर्याप्त होला । ढिलो आउँछन् र हतारमा हिंड्छन् भने त्यस्तो कर्मचारीबाट सेवाग्राहीले कस्तो सेवा पाइरहेका छन् भन्ने अनुमान गर्न सकिन्छ । त्यसै पनि यसअघिको शुक्रबारे हाफ बिदाले दुई दिनको बिदाजस्तै बनाएको थियो । अब दुई दिनको औपचारिक बिदा भएपछि यो तीन दिनको जस्तो हुनपुगेको छ । त्यस कारण पनि यसलाई हचुवाको भरमा गरिएको नागरिकलाई अप्ठरो पर्ने गम्भीर निर्णय भनिएको हो । यसमा सरकारले सुधार गर्ने लक्षण देखाएको छैन । यो झनै आपत्तिको विषय हो ।

नाम इन्धन खपत घटाउने भन्ने दिइयो तर यो कामचोरहरूको कामजस्तो भयो । सातामा दुई दिन बिदा दिने सरकारी निर्णयले इन्धन जोगाउने भए त्यसपछि यही बिदा लागू भएपछि यो हप्तामा मात्रै दुई पटक इन्धनको मूल्य बढिसकेको छ । यदि सरकारको निर्णय सही थियो भने त्यस्तो नहुनुपर्ने हो । यो प्रावधानले सरकारी सेवा झन् बिग्रिएपछि यस्तो बिदाको व्यवस्था लागूभएको दोस्रो सातामा नै पुनरावलोकनका लागि सरकारमाथि दबाब परेको भन्ने विवरण आएका छन् । यो भनेको नागरिक समाजाबाट यस्तो बिदाप्रति व्यापक असन्तुष्टि प्रकट भएको अवस्था हो । यसले शिक्षाक्षेत्र तहसनहस हुनलागेको छ भने स्वास्थ्य त झनै चौपट नै भइसक्यो । एउटा बिरामी मान्छेलाई हप्तामा दुई दिन बिदा बस भन्नु कतिसम्मको जायज हो सरकारले जवाफ दिनुपर्छ । यसले नागरिकलाई मात्र होइन सरकारको सेवा नै तहसनहस अवस्थामा पुग्दैछ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# भूकम्पको सम्झना र स्थानीय तहको निर्वाचन



न्हुंछेनारायण श्रेष्ठ

वि.सं. २०७२ वैशाख १२ गते गोरखाको बारपाकलाई केन्द्रविन्दुपारी ७ दशमलव ८ रेक्टर स्केलको महाभूकम्प गएको ६ वर्ष बितेको छ । भूकम्पबाट पीडित पीडितहरूले अहिलेसम्म पनि पूर्णरूपमा पुनर्निर्माणको कार्य गर्न नसक्नु लाजमर्दो विषय बन्न पुगेको छ । सरकारले भूकम्प गएको दिनको सम्झनामा विभिन्न कार्यक्रमहरू गर्ने गरेता पनि पुनर्निर्माणको पर्खाइमा रहेका वास्तविक पीडितहरूले विभिन्न कारणले गर्दा हालसम्म पुननिर्माण गर्न सकेका छैनन् र सरकारले दिगो कानुन ल्याउन नसक्दा पीडितहरू बिचल्लीमा परेका छन् । ०७२ वैशाख १२ र २९ गतेको महाभूकम्पले धेरैको ज्यान लिनुका साथै हाम्रा सम्पदा, सांस्कृतिक धरोहरहरू समेत क्षतविक्षत अवस्थामा पुऱ्यायो । सरकारले पुननिर्माण महाअभियान थालेर पुननिर्माणको कार्यलाई तीव्रता दिएकै कारण अधिकांश पुन:निर्माण कार्यले सफलता पाएको देखिन्छ । रेकर्ड अनुसार काठमाडौं सहर भूकम्पीय सुरक्षाको दृष्टिकोणले विश्वको नं. एकमा पुगेको र ०७२ को भूकम्पको क्षतिले हामी सबैलाई मर्माहित र दु:खी तुल्याएको थियो तर यस प्रकारको दु:खद् समाचार आउनुमा हामी स्वयं दोषी छौँ । अहिले ०७२ को भूकम्पलाई बिर्सेर जथाभावी भवनहरू निर्माण कार्यहरू भटाभट भइर हेका छन् । यस्ता कार्य रोक्ने संयन्त्रको अभाव रहेको देखिन्छ । सरकारले तोकिदिएको भवन आचारसंहितालाई हामीले आत्मसात गरेर प्राविधिकहरूको अनुगमनमा हामीले कहिल्यै घर, भवनहरू बनाएनौँ । सरकारको आँखा छलेर आफूखुसी घर, भवनहरू बनाउँदा हुने जोखिमहरूको अध्ययन गरेनौँ र भूकम्पीय जोखिमको दृष्टिकोणले एक नम्बरमा पुग्यौँ । विश्वसामु सर्वोच्च शिखर सगर माथाले जति उचाइ लिएको थियो त्यो सारा कुराहरूलाई भूकम्पको दृष्टिकोणले धज्जी उडाइदिएको छ ।

राजधानीलगायत मुलुकका कैयन् सहरहरू अस्तव्यस्त, अव्यवस्थित सहरीकरण मात्रै होइन अवैज्ञानिक तरिकाले निर्माण गरिएका, पूर्वाधारहरूले पनि सहरलाई उच्च जोखिममा पारेको कुरामा दुईमत हुन सकिँदैन । सहर मात्रै होइन गाउँघरमा समेत भूकम्पपछि आउने पहिरोले नसताउने होइन । खाली सहर केन्द्रित भूकम्प सुरक्षा दिवसको अवसर पारेर सरकारले दर्जनौँ बैठक, सेमिनारहरूमा खर्च गर्दै आइरहेको छ तर नागरिकहरूलाई भूकम्पबाट बच्नको लागि सचेतना कार्यक्रमहरू प्रभावकारी रूपमा राखेको पाइँदैन । कुनै घटना, दुर्घटना हुनुभन्दा पहिले सुरक्षा उपायहरू खोज्नु पर्दछ । भूकम्पअघि प्राथमिक उपचार विधि जानी राख्ने, गह्रौं सामानहरू दराजको तल्लो खण्डमा राख्ने, नयाँ घर निर्माण गर्दा भूकम्पीय सुरक्षा उपायहरू अपनाउने, बत्ती, पंखा, ठूला ऐना, तस्बिर आदी झुण्डाइएका सामानहरू नखस्ने गरी राख्ने, फर्निचर, अग्ला सरसामानहरू नढल्ने र नखस्ने गरी बलियोसँग राख्ने गर्नुपर्दछ ।

भूकम्पपछि भूकम्पले हल्लाउन छोड्नासाथ सुरक्षाको स्थिति हेरेर मात्र घरबाहिर निस्कने, भूकम्प फर्किएमा त्यसको तयार रहने, आगो निभाउने, तुरून्त प्राथमिक उपचार गर्ने, खुल्ला ठाउँमा भेला हुने, संकटकालीन सेवा कार्यमा बाधा पर्ने गरी टेलिफोन प्रयोग नगर्ने, रेडियो खोल्ने र भूकम्पको खबर तथा त्यससम्बन्धी सूचनाहरू सुन्ने, घर सुरक्षित छ भन्ने सुनिश्चित नभएसम्म कुनै पनि घरभित्र नपस्ने गर्नुपर्दछ । विशेषत भूकम्प भनेपछि हामी तर्सने र आत्तिने गर्ने गर्दछौ तर त्यसो नगरी नआत्तीकन बस्नुपर्दछ । यदि भूकम्प गएको बेला घरभित्र छौँ भने कहिल्यै झ्यालबाट हामफाल्नु हुँदैन । ढोकामा उभिने वा टेवल, डेस्क, खाटमुनि बस्नुपर्दछ । भत्कन सक्ने झ्याल नजिक कहिल्यै बस्नु हुँदैन, भुइँ तल्लामा ढोका नजिकै छौँ भने बाहिर निस्कनुपर्दछ । त्यस्तै घर बाहिर सवारी साधन चलाइरहेका छौँ भने सडकबाट हटेर सुरक्षित स्थानमा गई रोक्नुपर्दछ । बिजुलीको तार, लाइन र भवन नजिक बस्नु हुँदैन । आवतजावत गर्ने बाटो साँघुरो छ र दायाँवायाँ अग्ला घरहरू छन् भने ढोकामा गएर उभिएर बस्नुपर्दछ ।

भूकम्पको बेला अति आवश्यक पर्ने टर्चलाइट, सुक्खा चिजहरू चाउचाउ, चिउरा, रेडियो, डोरी, मल्हम, औषधि, पानी, अति महत्वपूर्ण कागजातहरूको फोटोकपीहरू ब्यागमा राख्नुपर्दछ । यसरी हामीले पूर्वतयारी गर्नसकेको खण्डमा आफू पनि बच्न सक्छौँ र अरूलाई पनि बचाउन मद्दत पुऱ्याउन सक्छौँ । घर बनाउँदा गुणस्तरीय निर्माण सामग्री प्रयोग र प्राविधिकहरूको अनुगमन तथा आचार संहितालाई पूर्णरूपमा पालना गरी भूकम्पलाई न्यूनीकरण गर्न सकिन्छ । हामी आमनागरिकहरू भूकम्पबारे पूर्वतयारी गरी अघि बढ्नु जरूरी रहेको छ भने नेपाल भूकम्पीय दृष्टिकोणले जोखिमयुक्त छ भन्ने कुराको हामीले सधैँ ख्याल राखी भूकम्प बारेको गलत समाचारको खण्डन गर्नुपर्दछ ।

राजनीतिक अस्थिरताका कारण हालसम्म पुनर्निर्माणको कार्य सम्पन्न हुन सकिरहेको छैन । भूकम्प गएको ६ वर्षसम्म पुग्दा केही प्राचीन स्मारकहरू काठमाडौं, भक्तपुर र ललितपुरका दरबार स्क्वायर लगायत रानीपोखरी, धरहराको निर्माण हुनुलाई सकारात्मक रूपमा लिनुपर्दछ । तापनि अहिलेसम्म ती क्षेत्रहरूका कतिपय स्थानहरूमा भूकम्पले हल्लाएका र चर्किएका अधिकांश घरहरू कुनबेला भत्किएर दुर्घटना हुने हो एकिन गर्न सकिने अवस्था रहेको छैन । टेका लगाइएका घरहरूमा समेत पसल सञ्चालन गरेका र बसोबास गरिरहेका नागरिकहरू जोखिममा परेका छन् । यि टेका लगाइएका घरहरू समयमै नबनाउने हो भने आउँदो वर्षात्मा जोखिम नहोला भन्न सकिँदैन ।

सरकारले हालसम्म पुरातात्विक सम्पदाहरू, सरकारी भवनको प्रिफेब्रिकेटेड संरचनामा पुनर्निर्माण सम्पन्न गरेको, विद्यालय, भूकम्पबाट क्षति भएको खानेपानी आयोजना, घर निर्माण, सरकारी भवन, सरकारी विद्यालयहरू पुननिर्माणको कार्यहरू सम्पन्न गर्नुका साथै बाँकी रहेका कार्यहरूको समेत पुनर्निर्माण गर्ने चरणमा रहेको जनाएको छ । नेपालको पुनर्निर्माणका लागि भन्दै विभिन्न दातृराष्ट्रहरूले सहयोग गरिर हेकै छन् । सरकारले ती सहयोगलाई पीडितहरूसमक्ष समयमै पुर्याउनुपर्ने आजको आवश्यकता रहेको छ । सरकारले भूकम्पपीडित क्षेत्रहरूमा पठाएका प्राविधिकहरू धमाधम फिर्ता भइसकेकोले बाँकी रहेको पुनर्निर्माण कार्यले पूर्णता पाउन सकिने अवस्था र हेको देखिँदैन । भूकम्प र पुनर्निर्माण जस्तो अति नै संवेदनशील क्षेत्रलाई सरकारले अति आवश्यकीय क्षेत्र घोषणा गरी बन्द, हड्ताल जस्ता क्रियाकलाप बन्द गराउनुपर्दछ । भूकम्पपीडित बालबालिका, वृद्धवृद्धा, सुत्केरीहरूको लागि आवश्यक व्यवस्था चाँडोभन्दा चाँडो गर्नुपऱ्यो । स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधिहरूले यसअघि गरेका कार्यलाई निरन्तरता दिनुपर्ने आवश्यकता रहेको छ । आगामी ०७९ वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनको संघारमा भूकम्पपीडित र पुनर्निर्माणको विषयलाई स्थानीयस्तरमा उठाउनुपर्ने आवश्यकता रहेको छ ।

स्थानीय तहको विकासका लागि स्थानीय तहमा अस्तित्वमा रहेका राजनीतिक संयन्त्रले समेत स्थानीय स्तरमा पीडितहरूको पक्षमा स्वतन्त्र र निष्पक्ष रूपमा काम गर्न नसकेको जनगुनासाहरू आइरहेका छन् । यसतर्फ सम्बन्धित निकायको ध्यान जानु पर्दछ । भूकम्प पीडितहरूको आवाज नसुन्ने चुनावमा भोट बैंकको रूपमा मात्रै लिने नेता, राजनीतिक दलहरूलाई चिन्ने सुअवसर पनि यही नै हो त्यसैले समयमै त्यस्ता नेता र दल चिनी आगामी निर्वाचनमा सक्षम, समृद्धि र विकास र लोकतन्त्रको पक्षलाई मतदान गर्ने कार्यमा अघि सर्नुपर्दछ । स्थानीय सरकारले भूकम्प पीडितहरूको पक्षमा काम गर्नुको सट्टा सत्ता र कुर्सी पाँच वर्ष त टिकाए । एक माघले जाडो जाँदैन भने जस्तै फेरि चुनाव आएको छ यो अवसरलाई सदुपयोग गर्दै सक्षम नेतृत्व चयन गर्ने अभिभाराबाट हामी कदापि पन्छनु हुँदैन ।

स्थानीय माग र आवश्यकता र स्थानीयहरूको रोजाइको नेतृत्व चयन गरी बाँकी रहेको पुनर्निर्माणको कार्य टुंग्याउनेतर्फ सबै एकजुट हुनुपर्दछ । त्यस्तै गरी हाम्रा पुरातात्विक क्षेत्रका मठमन्दिरहरू समेत पुनर्निर्माण कार्य चाँडोभन्दा चाँडो गर्नको लागि समेत खबरदारी गर्नुपर्दछ । सरकारले हालै मात्र स्थानीय निकायको निर्वाचनको घोषणा गरिसकेको र निर्वाचनमा सबैले सहयोग गर्न अपिल गरेको छ तर वर्षौंदेखि भूकम्पले थलिएका पीडितहरूको पक्षमा खासै उपलब्धि हुन सकेको छैन । स्थानीय निकायको निर्वाचनमा राजनीतिक दलहरूले भूकम्प पीडितहरूको पक्षमा के प्रतिवद्धता व्यक्त गर्ने हुन् त्यो चाहीँ हेर्न बाँकी नै रहेको छ । खाली नारा र भाषण मात्रै बाँड्ने हो भने देशको विकास कहिल्यै हुन सक्दैन यसतर्फ सबैको ध्यान जानु आवश्यक छ ।

# विश्वमा प्रतिसेकेन्ड १५ किलोमिटर दुरी बराबर चुरोट सेवन !



धुम्रपानलाई स्वास्थ्यको दृष्टिकोणले मात्रै हानिकारक मानिँदैन, धुम्रपान गर्ने व्यक्तिलाई समाजले समेत त्यति राम्रो नजरले हेर्दैन। यति हुँदाहुँदै पनि चुरोट र सूर्तीजन्य पदार्थका उद्योगी र व्यापारीहरू दिनानुदिन धनाढ्य मात्रै बनेका छैनन्, समाजमा उनीहरू नै प्रतिष्ठित र शक्तिशाली समेत छन्।

सूर्तीजन्य पदार्थलाई चुरोटमा बदल्नु जस्तो घातक कुरा संसारभर अरू केही नभएको बताइन्छ। चुरोटको माध्यमबाट मान्छे धुवाँ फोक्सोसम्म लिन्छन्। जसका कारण वार्षिक लाखौँले ज्यान गुमाइरहेका छन्।

### एउटा चुरोटमा ६०० बढी हानिकारक पदार्थ

अहिले बजारमा थरीथरीका चुरोट तथा धुम्रपानजन्य वस्तु पाइन्छन्। फरक स्वाद र रंगमा पाइने चुरोट बनाउन कम्पनीहरूबीच होडबाजी चलिरहेको छ। चुरोट जति धेरै लाइट भयो त्यसले त्यति धेरै स्वास्थ्यलाई हानी गर्छ। अर्थात् फोक्सो बिगार्छ। धुम्रपानजन्य वस्तु उत्पादन हुनु र बिक्री हुनुमा सरकार र वैज्ञानिक उत्तिकै दोषी छन्।

संसारमा मेसिनरी उपकरणको विकास हुनुभन्दा पहिला एक व्यक्ति दिनभरमा करिब २०० चुरोट बनाउँथ्यो भने अहिले आधुनिक उपकरणका माध्यमबाट एक मिनेटमा २० हजार चुरोट उत्पादन हुन्छ। यसमा सायनाइड, रेडियोएक्टिभ आइसोटोप र अमोनिया जस्ता करिब ६०० हानिकारक पदार्थ पाइन्छन्।

### सरकार धुम्रपानलाई महामारी बनाउँदै

तम्बाकु र चुरोट जस्ता ज्यान लिने वस्तु उत्पादन गर्न कम्पनीलाई अनुमति तथा लाइसेन्स दिने सरकार दोषी हो। सरकारले चुरोटलाई महामारीका रूपमा परिवर्तन गर्दैछ। धुम्रपानका कारण प्रतिवर्ष ८० लाख सर्वसाधारणले ज्यान गुमाइरहेका छन्। धुम्रपानका कारण उत्पादन कम्पनी नाफामा गइरहेका छन् भने सेवनकर्ताले ज्यान दिइरहेका छन्। सूर्तीजन्य पदार्थको खेतीदेखि लिएर चुरोट बनाउने प्रक्रियाले स्वास्थ्यलाई मात्रै हानी नगरी जलवायु परिवर्तनमा समेत असर गरिरहेको छ।

### चुरोट बनाउन हरेक वर्ष ६० करोड रूख काटिन्छ

संसारभर हरेक वर्ष करिब ६ लाख करोड चुरोट बिक्री हुन्छ। वार्षिक रूपमा खाइने चुरोटलाई एकमाथि अर्को राख्दै जाने हो भने यसको चाङ पृथ्वीबाट सूर्यसम्म पुगेर फेरि पृथ्वीतिर फर्किन्छ। विश्वमा प्रतिसेकेन्ड १५ किलोमिटर लामो दुरी बराबर चुरोट सेवन गरिन्छ। भारतमा चुरोटजन्य सामग्री उत्पादनका लागि सन् १९६२ देखि २००२ सम्ममा १७ सय हेक्टर जंगल विनाश भएको छ।

*(स्टेनफोर्ड युनिभर्सिटी हिस्ट्री अफ साइन्सका प्रोफेसर रोबर्ट प्राक्टरले गरेको अध्ययन अनुसार)*

> *उपभोग्य वस्तु खरिद गर्दा उपभोग्य मिति हेरेर मात्र खरिद गरौं।*
>
> – विकास खबरपत्रिका

# ९० मिनेटपछिको निद्राले निर्णय क्षमता बढाउँछ ?

मस्तिष्कलाई सही तरिकाले काम गर्न निन्द्राको महत्वपूर्ण भूमिका हुन्छ। वैज्ञानिकले हाले आम मानिसको र्‍यापिड आई मुभमेन्ट (आरईएम) निन्द्राका माध्यमबाट भावनात्मक यादलाई मजबुत बनाउने कुरा पत्ता लगाएका छन्।

वैज्ञानिकले गरेको अध्ययनले निन्द्राले मस्तिष्कको न्युरोनल एक्टिभिटीलाई शान्त बनाउने काम गर्ने पत्ता लगाएको छ।

### के हो आरईएम ?

आरईएम निन्द्राको एक चरण हो, जुन निदाएको ९० मिनेटपछि सुरु हुन्छ। यसै समयमा मानिसले सपना देख्ने गर्छन्। निदाएको ९० मिनेटपछिको समयमा हाम्रो शरीरका मांसपेशीहरू स्वस्थ र तन्दुरूस्त रहन्छन्। आरईएम निन्द्राले न्युरान्सलाई शान्त बनाउँछ

प्रिफ्रन्टल कोर्टेक्स मस्तिष्कको त्यो भाग हो, जहाँ भावनात्मक प्रक्रिया रहने गर्छन्। र्‍यापिड आई मुभमेन्टले मस्तिष्कको पिरामिडल न्युरान्स निकै शान्त रहने वैज्ञानिकले अनुसन्धानमा खुलाएका छन्।

निन्द्राको समयमा मस्तिष्कको कुनै भागले कसरी हाम्रा भावनालाई नियन्त्रण गर्न सक्छ भन्ने कुरामा वैज्ञानिकलाई विश्वास गर्न गाह्रो भएको थियो। कारण त्यतिबेला मस्तिष्क सक्रिय हुँदैन थियो।

आरईएम निन्द्रामा भएको बेला शरीरको पूरै सिस्टमलाई रिसेट गर्न सकिने अनुसन्धानबाट खुलेको छ। यसको अर्थ राम्रो निन्द्राले सही र गलत छुट्याउने क्षमतामा सुधार हुँदै जान्छ। यस्तोमा मस्तिष्कसम्म पुगेको सन्देश अगाडि बढ्दैन।

र्‍यापिड आई मुभमेन्ट दौरान आएको निन्द्रामा मस्तिष्कसम्म कुनै सन्देश नपुग्ने भने होइनन्। तर न्युरान्सले ती सन्देशलाई अगाडि बढ्न दिँदैन। आरईएममा मस्तिष्कमा भएका सन्देशलाई न्युरान्सले एक भागमा पुऱ्याउने भए पनि अर्को भागमा पुऱ्याउँदैन।

यो अनुसन्धान सुरुमा मुसामा गरि एको थियो। वैज्ञानिकहरू मुसामा गरि एको अनुसन्धानको परिणामलाई लिएर मान्छेको निन्द्रालाई बुझ्ने प्रयास गरिरहेका छन्। – *दैनिक भास्करबाट*


## हाम्रो अनुरोध

- सुक्खा मोसममा हावाहुरी चल्ने घर, पसल, कार्यालय र वनलगायतमा आगलागी भई जनधनको ठूलो क्षति हुनसक्छ।
- आगलागीका विपदजन्य घटना हुन नदिन र भइहालेमा कम क्षतिमा नियन्त्रण गर्नका लागि जनस्तरबाटै सावधानी अपनाऔं।
- आगो उत्पन्न हुने सलाई, लाइटर, ग्याँस सिलिण्डर र चुल्हो बालबालिकाबाट टाढै राखी होसियारीपूर्वक प्रयोग गर्ने र काम सकिएपछि सुरक्षितसाथ राख्ने गरौं।
- वनमा डढेलो नलगाउने, वनमा वनभोज गर्दा बालेको आगो र खाएको चुरोटको ठुटा पूर्णरूपमा निभाउने गरौं।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर







# कैलाश गाउँपालिकाको प्रशासनिक भवन हस्तान्तरण



◆ विकास संवाददाता

कैलाश गाउँपालिकाको नवनिर्मित प्रशासनिक भवन हस्तान्तरण गरिएको छ। निर्माण कम्पनी रविनारअविषा जोभिले गाउँपालिकाका अध्यक्ष लोकबहादुर मुक्तानलाई भवनको साँचो हस्तान्तरण गरेका हुन्। सोमबारदेखि नयाँ प्रशासनिक भवनबाट पूर्णरूपमा सेवाप्रवाह हुने अध्यक्ष मुक्तानले जानकारी दिए ।

२०७७ साल असार ७ गते निर्माण सम्झौता भई भवन निर्माणको काम सुरू भएको थियो। १८ महिने सम्झौता भएपनि निर्माण कम्पनिले सम्झौताअवधिमा काम सम्पन्न नभएपछि म्याद थप गरेर निर्माण सम्पन्न गरेको हो। दुई तले भवनमा २६ वटा कोठा छन्। भवन निर्माणको लागि ३ करोड १८ लाख ४२ हजार तीन सय ६४ रूपैंयामा सम्झौता भएको थियो ।

२०७७ साल जेठ १५ गते आगलागिका कारण गाउँपालिकाको प्रिफ्यावको १८ कोठे पुरानो भवन नष्ट भएको थियो । त्यसपछि कालिकाटारमैं रहेको भवानी माध्यामिक विद्यालयको भवनबाट गाउँपालिकाले सेवा सञ्चालन गरिरहेको थियो । भवन निर्माण पुरा नहुँदै गएको चैतदेखिनैं पालिकाको केहि प्रशासनिक कामहरू नयाँ भवनबाट हुँदै आएका थिए ।

# कैलाशका नवनिर्वाचित जनप्रतिनिधिले सपथ लिए

◆ विकास संवाददाता

स्थानीय तह सदस्य निर्वाचन २०७९ अर्न्तगत वैशाख ३० गते भएको निर्वाचनमा निर्वाचित भएका कैलाश गाउँपालिकाका जनप्रतिनिधिहरूलाई शनिवार पद तथा गोपनियताको सपथग्रहण गराइएको छ ।

गाउँपालिकाका अध्यक्ष लोकबहादुर मुक्तानले उपाध्यक्ष बालकुमार मल्ल ठकुरीसहित दश वटै वडाका वडा अध्यक्ष र सदस्यहरूलाई सपथ गराउनुभएको थियो । यसअघि गाउँपालिकाका अध्यक्ष मुक्तानले गएको बिहिबार मुख्य निर्वाचन अधिकृत डिल्लिरत्न श्रेष्ठबाट सपथ लिनुभएको थियो । बिहिबारनैं उनले गाउँपालिका पुगेर कार्यभार सम्हालिसकेका छन् ।

सपथग्रहण कार्यक्रममा गाउँपालिकाका निर्वतमान अध्यक्ष टंक मुक्तान, प्रमुख प्रशासकीय अधिकृत देवर ाज चौलागाई, निर्वाचन अधिकृत मुकुन्दहरी पौडेल लगायत राजनीतिक दलका स्थानीय नेताहरूको उपस्थिति थियो । निर्वाचन अधिकृत पौडेलले



नवनिर्वाचित जनप्रतिनिधिहरूलाई प्रमाणपत्र प्रदान गरे ।

पालिकामा सत्तापक्षीय गठबन्धनका उम्मेद्वार नेपाली कांग्रेसका लोकबहादुर मुक्तान अध्यक्षमा र नेकपा माओवादी केन्द्रका बालकुमार मल्ल ठकुरी उपाध्यक्ष पदमा निर्वाचित हुनुभएको थियो । वडातहमा भने गठबन्धनमा रहेका दलहरूविच मित्रवत प्रतिस्पर्धा भएको थियो । दश ओटा वडामध्ये नेपाली कांग्रेसले वडा नम्वर १, २, ७, ८ र ९ को वडा अध्यक्षमा विजय प्राप्त गरेको थियो । नेकपा माओवादी केन्द्रले वडा नम्वर ३ र ४ को वडा अध्यक्षमा विजय प्राप्त गरेको थियो भने नेकपा एमाले वडा नम्वर ५, ६ र १० को वडा अध्यक्षमा विजयी भएको थियो ।

# हेटौंडा: ३० वर्षे एमालेको लालकिल्ला तोडियो

◆ विकास संवाददाता



तीन दशकदेखि एमालेको लालकिल्लाका रूपमा रहेको हेटौंडा उपमहानगरपालिका उसैबाट विभाजित भई गठित एकीकृत समाजवादीकी मीनाकुमारी लामाले कांग्रेस र माओवादी केन्द्रको सहयोगमा भत्काएकी छन् । सत्तारूढ गठबन्धनले हेटौंडा उपमहानगर पालिकाको मेयरमा एकीकृत समाजवादीकी लामा र उपमेयरमा कांग्रेसका राजेश बाँनियालाई उम्मेदवार बनाएको थियो ।

लामाले एमालेका अनन्त पौडेल र बाँनियाले एमालेकै सुमित्रा काफ्लेलाई पराजित गरेर एमालेको लालकिल्ला भत्काएका हुन्। २०७४ सालको निर्वाचनमा एमालेबाट लामा हेटौंडाको उपमेयरमा विजयी भएकी थिइन्। त्यतिबेला कांग्रेस र माओवादीको गठबन्धनलाई पराजित गरेर मेयरमा एमालेको हरिबहादुर महत र उपमेयरमा लामा विजयी भएकी थिइन् । एमाले विभाजित हुने क्रममा उनले एकीकृत समाजवादी पार्टीलाई रोजेकी थिइन्। लामाले अहिले कांग्रेस, माओवादी र एकीकृत समाजवादीको गठबन्धनबाट एमालेलाई पराजित गरेकी छन् । पाँच वर्षअघिको चुनावी गठबन्धनलाई पराजित गरेर उपमेयर बनिन्, अहिले गठबन्धनबाट एमालेमाथि विजय प्राप्त गरेर मेयर बन्ने सौभाग्य उनलाई जुरेको थियो ।

मेयरमा लामाले २३ हजार ७५ मत प्राप्त गरेर विजयी भएकी छन्। उनको प्रतिद्वन्द्वी एमालेका पौडेलले २० हजार ९ सय ८ मत पाएका थिए। उपमेयरमा बाँनियाले ३२ हजार ५ सय ९३ मत पाएका थिए भने उनका निकटतम प्रतिद्वन्द्वी एमालेकी सुमित्रा काफ्लेलाई ८ हजार ६ सय ८४ले मतले पराजित गरेका थिए। काफ्लेले २३ हजार ९ सय ९ मत पाएकी थिइन्। हेटौंडा उपमहानगर पालिकामा ७३ हजार ४ सय १४ मत खसेको थियो। उपमहानगरपालिकामा १ लाख ४ हजार ५ सय १३ मतदाता र हेका थिए । २०४९ सालदेखि एमालेले हेटौंडा उपमहानगरपालिकालाई राज गर्दै आएको थियो । २०७९ वैशाख ३० मा भएको निर्वाचनले एमालेको नेतृत्वबाट हेटौंडा उपमहानगरपालिकाले ३० वर्षपछि मुक्ति पाएको छ ।

२०७४ मा भएको निर्वाचनमा हेटौंडाको मेयर, उपमेयरसहित १२ वडामा एमाले विजयी भएको थियो । यस निर्वाचनमा एमालेले मेयर, उपमेयरमात्र गुमाएको होइन ९ वडाध्यक्षमा सिमित हुन पुगेको छ । अघिल्लो निर्वाचनमा ५ वटा वडाध्यक्षमा सिमित रहेको कांग्रेस अहिले उपमेयरसहित ८ वडामा जित हासिल गरेको छ। एकीकृत समाजवादी र माओवादी केन्द्रले एक-एक वडामा अध्यक्ष जितेका छन् । हेटौंडा उपमहानगरपालिकामा १९ वडामा छन्। सत्तारूढ दलको गठबन्धनमध्ये धेरै मतदाता भएको र ठूलो दल कांग्रेस भित्रको चर्को विवाद र एकीकृत समाजवादीको संगठनको आधार कमजोर रहेको अवस्थामा उमेदवारीसँगै विजयको माला लगाइरहेको एमालेले यस्तो नतिजा आउँछ भनेर कल्पनासमेत गरेको थिएन । त्यतिमात्र होइन, राप्रपाको तर्फबाट एक्कासी दिपकबहादुर सिंहले मेयरको उम्मेदवारी दिएपछि अझ एमाले हौसिएको थियो। राप्रपाका सिंहले लामाको मत काट्छ भन्ने एमालेको ठम्याइ थियो ।

राप्रपाका सिंहलाई कांग्रेस भित्रका असन्तुष्टहरूले मत हाल्ने खाल्टे उमेदवार को रूपमा उभ्याएका थिए । सत्ता गठबन्धनबाट उम्मेदवारी दिएकी लामालाई कमजोर देखाउनका लागि एमाले नेताका सार्वजनिक रूपमै हाम्रो प्रतिस्पर्धा लामासँग होइन, सिंहसँग हो भन्ने अभिव्यक्तिले सिंहले उत्साहित हुँदै आफूतिर मत आकर्षित गर्न सबै किसिमका हर्कतहरू गरे । उनका विविध खाले हर्कतले एमालेका सोझासिधा कार्यकतालाई आकर्षित गऱ्यो। सिंहका विगतका चरित्र र प्रवृत्तिहरूका बारेमा एमाले मौन रह्यो जसले गर्दा नयाँ र तल्लो पिँधमा रहेका कार्यकर्ताहरूको मत राप्रपाले लिन सफल भयो । एमालेका १५ देखि १७ प्रतिशत मतदाताले ६ वटा सूर्य र मेयरमा हलो चिह्नमा मतदान गरे ।

मकवानपुरको एमाले नेतृत्वमा कार्यकर्ताहरूको भावना नबुझ्ने,व्यक्तिवादी एवं गुटगत चिन्तन, पुस्तान्तरण नगर्ने र पार्टीभित्र अलोकतान्त्रिक प्रणालीलाई प्रश्रय दिएका कारणले हेटौंडा उपमहानगर पालिकालगायत सिंगो जिल्लामा पराजय भोग्नु परेको वाम वुद्धिजिवी देवप्रसाद श्रेष्ठको विश्लेषण छ । उनले भने, 'पार्टीभित्र अलोकतान्त्रिक पद्धति अपनाउने कुनै पनि दलले लोकतन्त्रमा विजय हासिल गर्न सक्तैन।' एमालेले कमल थापा नेतृत्वको राप्रपा, नेपालसँग तालमेल गरेर पार्टी विभाजनको क्षति रोक्ने प्रयास गरेको थियो। त्यसले पनि पराजयलाई रोक्न सकेन। हेटौंडाका राप्रपा, नेपालका कार्यकर्ताहरूले राप्रपाका उम्मेदवार सिंहलाई मतदान गरेका थिए। एमालेको अधिकांश नेतृत्वले कम्युनिस्ट आचरण र जीवनशैली छाड्दै गएकाले आधारभूत जनताले पनि उनीहरूलाई क्रमश: पत्याउन छाडेका छन्। यहाँका एक वाम बुद्धिजीवीले भने,'यो निर्वाचनको परिणामल उनीहरूको चेत खुल्छ कि ?'

सादा जीवनशैली, हसिलो अनुहारकी लामाले जनजाती, आदीवासी र महिलाहरूको मत आकर्षण गर्न सफल भइन्। कांग्रेसभित्रको विवादका विषयमा निर्वाचनभरि पक्ष र विपक्षमा नबोलिकन कांग्रेसी मत बढीभन्दा बढी आफूतिर तान्न सफल भइन् । जसले गर्दा लामाले विजयको माला पहिरिइन् । गठबन्धनमा रहेको माओवादी केन्द्रले पनि इमान्दार पूर्वक गठबन्धनका उमेदवारहरूलाई मतदान गरेका थिए। २०४६ सालदेखि विद्यार्थी जीवनबाट राजनीति सुरू गरेकी लामाले समाजशास्त्रमा एमए र एलएलबी गरेकी छन्। उनी २०३३ सालमा हेटौंडा उपमहानगरपालिका ११ जन्मेकी हुन् । उपमहानगरपालिकाको सेवालाई एकद्वार प्रणालीबाट सञ्चालन गर्ने, सफा, सुन्दर र स्वच्छ हेटौंडा बनाउने उनको योजना छ। नगरभित्रका लोपोन्मुख र सीमान्तकृत समुदायको उपमहानगरपालिकाले स्वास्थ्य बिमा गरिदिने बताएकी छन्। हेटौंडाको समग्र विकास गर्न अधिकार सम्पन्न हेटौंडा विकास प्राधिकरण गठन गर्ने उनको योजना छ ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको व्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# मकवानपुरका १०२ वटा वडामा कस्ले जिते ?

◆ विकास संवाददाता

मकवानपुरमा १३ जेठ बेलुकी सबै वडाको मतगणना सम्पन्न भएको छ । मतगणना सम्पन्न भएका १०२ वडाहरूमध्ये सबैभन्दा बढि वडामा नेपाली कांग्रेसले जित हासिल गरेको छ । कांग्रेसले ४४ वडा अध्यक्ष जितेको छ भने माओवादी केन्द्रले २४ र एमालेले ३३ वडा अध्यक्ष जितेको छ । त्यस्तै समाजवादीले एउटा वडामा जितेको छ ।

**नेपाली कांग्रेसले जितेका वडाहरू**

१) इन्द्रसरोवर-१ मा सुवास थापा (कांग्रेस)
२) इन्द्रसरोवर-२ मा सुमन श्रेष्ठ (कांग्रेस)
३) इन्द्रसरोवर-५ दुधराज तितुङ (कांग्रेस)
४) भीमफेदी-१ मा सोम बहादुर स्याङ्तान (कांग्रेस)
५) भीमफेदी-६ मा सोमबहादुर घलान (कांग्रेस)
६) भीमफेदी-७ मा मित्रबन्धु सिन्जाली (कांग्रेस)
७) कैलाश-१ मा तेज बहादुर ब्लोन (कांग्रेस)
८) कैलाश-२ मा राजेन्द्र तामाङ घिसिङ (कांग्रेस)
९) कैलाश-७ मा उदास भोलन (कांग्रेस)
१०) कैलाश-८ आशिष प्रजा (कांग्रेस)
११) कैलाश-९ मा भुवनसिं घलान (कांग्रेस)
१२) मकवानपुरगढी-१ मा आइत सिंह लो (कांग्रेस)
१३) मकवानपुरगढी-२ मा बखानसिं पाख्रिन (कांग्रेस)
१४) मकवानपुरगढी-५ मा दिपेश दाहाल (कांग्रेस)
१५) मकवानपुरगढी-६ मा कृष्ण बजगाई (कांग्रेस)
१६) मकवानपुरगढी-७ मा सूर्यबहादुर रूम्बा (कांग्रेस)
१७) मकवानपुरगढी-८ मा कुमार घिसिंङ (कांग्रेस)
१८) थाहा-६ मा राजेन्द्रभक्त श्रेष्ठ (कांग्रेस)
१९) थाहा-७ मा शिवराज गोले (कांग्रेस)
२०) थाहा-१२ मा टिकाराम स्याङ्तान (कांग्रेस)
२१) बकैया-५ मा लक्ष्मी जिम्बा (कांग्रेस)
२२) बकैया-९ मा टंकध्वज लोप्चन (कांग्रेस)
२३) बकैया-१० मा कमला वाइवा (कांग्रेस)
२४) बकैया-११ गोपाल नेसुर (कांग्रेस)
२५) बकैया-१२ मा ज्ञानेन्द्र बजगाई (कांग्रेस)
२६) राक्सिराङ-२ मा बुद्धराम मुक्तान (कांग्रेस)
२७) राक्सिराङ-५ मा हरिबहादुर प्रजा (कांग्रेस)
२८) राक्सिराङ-७ मा रामबहादुर प्रजा (कांग्रेस)
२९) राक्सिराङ-९ मा रामकुमार वाल्चा थिङ (कांग्रेस)
३०) मनहरी-१ मा शिव प्रसाद खनाल (कांग्रेस)
३१) मनहरी-३ मा अनन्त अर्याल (कांग्रेस)
३२) मनहरी-६ मा यादव थपलिया (कांग्रेस)
३३) मनहरी-७ मा ठाकुर तितुङ (कांग्रेस)
३४) मनहरी-८ मा नारायण उप्रेती (कांग्रेस)
३५) मनहरी-९ मा राजकुमार श्रेष्ठ (कांग्रेस)
३६) हेटौंडा-१ मा सविन न्यौपाने (कांग्रेस)
३७) हेटौंडा-२ मा विष्णुगोपाल महर्जन (कांग्रेस)
३८) हेटौंडा-३ मा ढलक थापा (कांग्रेस)
३९) हेटौंडा-६ मा विष्णुप्रसाद दाहाल (कांग्रेस)
४०) हेटौंडा-७ मा दामोदर गौतम (कांग्रेस)
४१) हेटौंडा-१६ मा रामकृष्ण कोइराला (कांग्रेस)
४२) हेटौंडा-१७ मा उद्धव सत्याल (कांग्रेस)
४३) बागमती-७ मा उत्तर लामा (कांग्रेस)
४४) हेटौंडा-८ मा राम थापा (कांग्रेस)

**नेकपा एमालेले जितेका वडाहरू**

१) इन्द्रसरोवर-३ मा प्रताप भोम्जन (एमाले)
२) इन्द्रसरोवर-४ मा चन्द्रकुमार बल (एमाले)
३) भीमफेदी-२ मा काशी राम बज्यु (एमाले)



४) भीमफेदी-४ मा सागर पाण्डे (एमाले)
५) भीमफेदी-५ मा जाहारसिं लामा (एमाले)
६) भीमफेदी-८ मा बिष्णुबहादुर लामा (एमाले)
७) भीमफेदी-९ मा प्रकाश पुडासैनी (एमाले)
८) कैलाश-५ मा छेकु लामा (एमाले)
९) कैलाश-६ मा रामबहादुर गोङ्वा (एमाले)
१०) कैलाश-१० मा सूर्य बहादुर ब्लोन (एमाले)
११) मकवानपुरगढी-३ मा भागवत तिमल्सिना (एमाले)
१२) मकवानपुरगढी-४ मा अर्जुन प्र तिमल्सिना (एमाले)
१३) थाहा-५ मा विष्णुबहादुर गुरूङ (एमाले)
१४) थाहा-८ मा हेमकुमार थिङ (एमाले)
१५) थाहा-१० मा हिरा बहादुर गमाल (एमाले)
१६) बकैया-३ मा भुमलसिं घलान (एमाले)
१७) बकैया-४ मा राजन दंगाल (एमाले)
१८) बकैया-६ मा फुलबहादुर भोम्जन (एमाले)
१९) राक्सिराङ-१ मा बाबीराम मुक्तान (एमाले)
२०) राक्सिराङ-३ मा उत्तम वाइवा (एमाले)
२१) राक्सिराङ-४ मा संजय कोइराला (एमाले)
२२) हेटौंडा-४ मा नवीन सिग्देल (एमाले)
२३) हेटौंडा-५ मा सुशील घिमिरे (एमाले)
२४) हेटौंडा-१४ मा दिपक खड्का (एमाले)
२५) हेटौंडा-१५ मा सुनिल मोक्तान (एमाले)
२६) हेटौंडा-१८ मा अनिल बानियाँ (एमाले)
२७) हेटौंडा-१९ मा नरनाथ सुवेदी (एमाले)
२८) बागमती-६ मा टेकबहादुर डिम्डुङ (एमाले)
२९) बागमती-८ मा केशव तिमल्सिना(एमाले)
३०) हेटौंडा-१३ मा पेम्बा लामा (एमाले)
३१) हेटौंडा-१० मा फुर्वादोर्जे लामा (एमाले)
३२) बागमती-९ मा पूर्णराम घलान (एमाले)
३३) हेटौंडा-११ मा जुना दाहाल (एमाले)

**नेकपा माओवादी केन्द्रले जितेका वडाहरू**

१) भीमफेदी-३ मा प्रितिलाल लामा (माओवादी)
२) कैलाश-३ मा देवलाल बल (माओवादी)
३) कैलाश-४ मा तिलकबहादुर मोक्तान (माओवादी)
४) थाहा-१ मा हेरमान गोपाली (माओवादी)
५) थाहा-२ मा बमबहादुर सिंतान (माओवादी)
६) थाहा-३ मा हिरेन्द्र रायमाझी (माओवादी)
७) थाहा-४ मा नारायण लामा (माओवादी)
८) थाहा-९ राजकुमार बलामी (माओवादी)
९) थाहा-११ मा दिनेश बल (माओवादी)
१०) बकैया-१ मा आशिश तितुङ (माओवादी)
११) बकैया-२ मा विश्वराज स्याङतान (माओवादी)
१२) बकैया-७ मा मानबहादुर सिन्तान (माओवादी)
१३) बकैया-८ मा विष्णु नेगी (माओवादी)
१४) राक्सिराङ-६ मा अक्कलबहादुर मोक्तान (माओवादी)
१५) राक्सिराङ-८ मा युसाई प्रजा (माओवादी)
१६) मनहरी-२ मा राजकुमार पाख्रीन (माओवादी)
१७) मनहरी-४ मा प्रकाश थापा (माओवादी)
१८) मनहरी-५ मा दिपेन्द्र अधिकारी (माओवादी)
१९) बागमती-१ मा यहुन्ना राई (माओवादी)

# बागमतीको स्थानीय तहमा माओवादीको सीट बढ्यो

◆ विकास संवाददाता

बागमती प्रदेशमा भने माओवादीले निकै सुधार गरेको छ । पालिका प्रमुखहरूमा जितको संख्या बढाएको छ । बागमतीका ११९ वटा पालिकामध्ये माओवादी केन्द्रले २०७४ को चुनावमा १७ वटा पालिका प्रमुख जितेको थियो । यसपालि बढाएर २६ पुऱ्याएको छ । त्यसबाहेक चितवनको भरतपुर महानगरपालिकामा माओवादी केन्द्रकी रेनु दाहालले अग्रता कायम गरेकी छन् ।

२०७४ मा भएको स्थानीय तह चुनावमा माओवादी केन्द्रले एक महानगरपालिका, ३४ नगर पालिका, ७२ गाउँपालिका अध्यक्ष गरी १०६ पालिका प्रमुख र १११ पालिका उपप्रमुख जितेको थियो । यसपटक पनि अहिलेसम्मको मतगणनामा माओवादी केन्द्र १२० पालिकाको प्रमुख र १२८ पालिकाको उपप्रमुख जितेर तेस्रो स्थानमा कायम छ । मतगणना भइरहेको चितवनको भरतपुर महानगरपालिका र बाराको फतुवा विजयपुर नगरपालिका प्रमुखमा नेकपा माओवादी केन्द्रका उम्मेदवारले अग्रता लिएका छन् ।

पालिका प्रमुख र उपप्रमुख दुवैमा जितको संख्या केही बढाएको माओवादी केन्द्रले विगतमा आफ्नो प्रभाव क्षेत्र मानिएको क्षेत्रको नेतृत्व भने गुमाएको छ । माओवादी केन्द्रले २०७४ को चुनावमा ७५३ पालिकामध्ये ८० पालिकाको प्रमुख र उपप्रमुख दुवै पद जितेको थियो । तर, पाँच वर्षपछिको चुनावमा ती ८० पालिकामध्ये २४ वटामा मात्र प्रमुख र उपप्रमुख दुवै पद जित्न सक्यो ।

ती ८० मध्ये १३ वटाको प्रमुखमा यस वर्ष पनि माओवादी केन्द्रका उम्मेदवार नै निर्वाचित भए भने उपप्रमुखमा नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टीका उम्मेदवार निर्वाचित भए । समग्रमा माओवादी केन्द्रले प्रभाव क्षेत्र दाबी गरेको ८० पालिकामध्ये ३७ वटाको प्रमुख पद जोगायो र २८ वटामा उपप्रमुख । बाँकी ४३ वटाको प्रमुख र ५२ वटाको उपप्रमुख माओवादी केन्द्रले गुमायो । २०७४ मा माओवादी केन्द्रले जितेका १०६ मध्ये प्रमुख र उपप्रमुख दुवै जितेका ८० बाहेक २६ वटामा प्रमुख पद मात्र जितेको थियो । ती २६ मध्ये १७ पालिकाको प्रमुख पद माओवादी केन्द्रले जोगाउन सक्यो । समग्रमा माओवादी केन्द्रले २०७४ सालमा जितेका १०६ पालिका प्रमुखमध्ये ५४ पालिका प्रमुख मात्रै जोगाउन सकेको देखिन्छ । प्रभाव क्षेत्रमा खस्किए पनि माओवादी केन्द्र नयाँ क्षेत्रमा विस्तार भएको देखिन्छ । २०७४ मा १०६ पालिका प्रमुख जितेको माओवादीले यसपटक १२० पालिका प्रमुख जितेको छ । जसमा ६६ नयाँ पालिका छन् । अहिले माओवादी केन्द्रले जितेका यी स्थानीय तहमा अघिल्लो चुनावमा एमाले, कांग्रेस, मधेशकेन्द्रित दलका उम्मेदवार निर्वाचित भएका थिए ।

२०७४ मा स्थानीय तहको नेतृत्वमा माओवादी केन्द्रको सबभन्दा कमजोर उपस्थिति रहेको प्रदेशमा हो-गण्डकी । यो प्रदेशमा रहेका ८५ वटा पालिकामध्ये ०७४ को चुनावमा माओवादीले जम्मा ५ पालिका प्रमुख जितेको थियो । यसपालि यहाँ माओवादीको जित संख्या ११ पुगेको छ ।

तर माओवादीले जितेका ११ मध्ये ९ पालिका गोरखाका मात्र छन् । गोरखाबाहेक माओवादीले तनहुँको आँबुखैरेनी र बाग्लुङको ताराखोला गाउँपालिकाको प्रमुख पदमात्र जितेको छ । २०७४ सालको निर्वाचनमा जितेको लमजुङको दोर्दी गाउँपालिकाको नेतृत्व माओवादी केन्द्रले यसपटक गुमाएको छ । लुम्बिनी प्रदेशमा एक उपमहानगर पालिकासहित १०९ वटा स्थानीय तह छन् । त्यसमध्ये २०७४ मा माओवादी केन्द्रले १९ वटामा पालिका प्रमुख जितेको थियो । यसपालि बढाएर २५ पुऱ्याएको छ । माओवादी केन्द्रले आफूलाई सबभन्दा ठूलो दलको रूपमा दाबी गर्दै आएको प्रदेश हो-कर्णाली । तर, यसपटक माओवादी केन्द्रले यो प्रदेशमा २०७४ को भन्दा कम पालिका प्रमुख जितेको छ । यो प्रदेशमा रहेका ७९ स्थानीय तहमध्ये अघिल्लो निर्वाचनमा २६ पालिका प्रमुख जितेको माओवादी केन्द्र यसपालि २३ पालिका प्रमुखमा सीमित भएको छ ।







## गणतन्त्र दिवस २०७९ भव्य रुपमा मनाऔं


**२०७९ जेठ १५ गते विभिन्न कार्यक्रम आयोजना गरौं । गणतन्त्रको उपलब्धीलाई संस्थागत गरौं । संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य गरौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

*उपभोग्य वस्तु खरिद गर्दा*
*उपभोग्य मिति*
*हेरेर मात्र खरिद गरौं ।*

– विकास खबरपत्रिका







● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः *bikaskhabar@gmail.com* ● सम्पादक : कुमार नेगी